# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८) सिद्धार्थनगर रुपन्देही, नेपाल, भाद्र १९, २०८१ साल


## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधी सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८१ सालको कार्यबिधी नं. ४**

# सिद्धार्थनगर नगरपालिकाको सहकारी प्रवर्द्धन कोष संचालन सम्बन्धि व्यवस्था गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावना-** सहकारी ऐन, २०७४ (प्रथम संशोधन) मा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोष संचालनका मानक एवम प्रकृयाहरु निर्धारण गर्न वाञ्छनीय भएकोले,

सहकारी ऐन २०७४ को दफा १०१ र नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम **सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०८१** रहेको छ ।
२. यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. ऐन भन्नाले सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ लाई जनाउनेछ ।
२. नियमावली भन्नाले सिद्धार्थनगर नगरपालिकाको सहकारी नियमावली, २०७८ लाई जनाउनेछ ।
३. "दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकृतलाई सम्झनु पर्नेछ ।
४. "प्रारम्भिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सिद्धार्थनगर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थालाई सम्झनु पर्नेछ ।
५. "विनियम" भन्नाले सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।
६. "कार्यालय" भन्नाले सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

## परिच्छेद २

## कोषमा रकम जम्मा गर्ने व्यवस्था सम्बन्धी

३. **रकम जम्मा गर्नु पर्नेः १.** ऐनको दफा ७० को उपदफा २ बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको खुद बचत रकमबाट कोषमा जम्मा गर्नुपर्ने रकम लेखा परिक्षण प्रतिवेदनमा समेत उल्लेख हुने गरी छुट्याउनु पर्नेछ ।

२. उपदफा १ बमोजिम छुट्याईएको रकम साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको मितिले १५ दिन भित्र सहकारी संस्थाले कार्यालयले तोकेको बैक खातामा प्रवर्द्धनकोष वापतको रकम

जम्मा गर्नु पर्नेछ ।तोकिएको समय भित्र रकम जम्मा नगर्ने संस्थालाई कार्यालयले ७ दिनको अवधि दिई रकम जम्मा गर्न निर्देशन दिन सक्नेछ ।

३. उपदफा २ बमोजिम कोषको खातामा रकम जम्मा गरिएको बेहोराको जानकारी सात दिन भित्र अनुसूचि १ को ढाँचामा कार्यालय समक्ष दिनु पर्नेछ ।

४. उपदफा १ बमोजिम कोषमा रकम नछुट्याउने संस्थालाई कार्यालयले खुद नाफाको आधारमा प्रवर्द्धन कोष वापत छुट्याउनु पर्ने रकम बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

४. **अग्रिम दाखिला गर्नु पर्ने -** दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणवश ऐनको दफा ७५ को उपदफा १ बमोजिमको म्याद भमित्र लेखा परीक्षण हुन नसकेको वा दफा ३९ को उपदफा २ बमोजिमको म्याद भित्र साधारण सभा बस्न नसकेको वा साधारण सभाबाट लेखापरिक्षण प्रतिवेदन स्वीकृत हुन नसकेको खण्डमा सहकारी संस्थाले दफा ३ बमोजिम छट्याएको रकम माघ १५ गते भित्र अग्रिम दाखिला वापत कोषको खातामा रकम जम्मा गर्नु पर्नेछ ।

५. **रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारी**- कुनै आर्थिक वर्षमा खुल बचत रकम नभएको कारणले ऐनको दफा ७० को उपदफा २ बमोजिम कोषमा रकम जम्मा गर्नु नपर्ने रहेछ भने लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएको १५ दिन भित्र सोही व्यहोरा जनाएर नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

६. **विवरण अध्यावधिक राख्नु पर्ने** - कार्यालयले प्रत्येक आर्थिक वर्षमा कोषमा जम्मा गरेका सहकारी संस्थाको विवरण अनुसूचि ३ मा र जम्मा गरिएको रकम चौमासिक विवरण अनुसूचि ४ को ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

७. **नगरपालिकाको योगदान छुट्टै आम्दानी बाँध्नु पर्ने** - नियमावलीको नियम २६ को उपनियम १ बमोजिम नगरपालिकाबाट कोषमा उपलब्ध गराएको रकमको हिसाब छुट्टै देखिने गरी आम्दानी बाँध्नु पर्नेछ ।

## परिच्छेद ३

## कोषको रकम परिचालन सम्बन्धी

८. **सहकारी सञ्जाललाई रकम उपलब्ध गराउने** - नगरपालिकाले सहकारी सञ्जाललाई कोषमा सो आर्थिक वर्षमा संस्थाहरुबाट योगदान भएको रकमको १० (दश) प्रतिशतका दरले सञ्जालको खातामा सालबसाली रकम भुक्तानी गरिदिनेछ ।

९. **<u>प्रस्ताव माग गर्नेः</u>** कोषमा संचित रहन गएको रकम देहायका क्षेत्रमा परिचालनका लागि प्रस्ताव माग गर्न सक्नेछ । यसरी प्रस्ताव माग गर्दा पुष मसान्त भित्र पेश गर्नु पर्ने गरी सार्वजनिक रुपमा सूचना आह्वान वा उपयुक्त माध्यमबाट प्रस्ताव माग गर्न सक्नेछन् ।

१०. **<u>नगरपालिकाले योगदान गर्नुपर्ने-</u>** कोषमा सालबसाली संचित हुने रकमको शतप्रतिशत रकम नगरपालिकाले बजेट व्यवस्था गरी कोषमा छुट्याउनु पर्नेछ ।

११. **<u>कोषको परिचालन-</u>**

१. यसरी कोषमा जम्मा भएको रकम सहकारी संस्थाले पेश गरेका निम्न प्रस्तावहरुको आधारमा उपलब्ध गराउन सक्नेछः

क. तरलता संकटमा रहेका संस्थालाई तत्कालको तरलता व्यवस्थापनका लागि निश्चित प्रतिशत सम्मको रकम बिउपूजीको रुपमा संस्था वा संचालकहरुको धितो सुरक्षण राखि अवधि तोकि लगानी गर्न सकिने ।

ख. बचत फिर्ता गर्न समस्यामा परेका संस्थाको हकमा १,००,०००/- (एक लाख रुपैया) सम्म सदस्यहरुको बचत रकमको सुरक्षण गरी संस्था तथा संचालकको धितो सुरक्षण राखि बचत फिर्ता गरिदिने ।

ग. संस्थाले कृषि उद्यम, वातावरण संरक्षण, पर्यावरणीय विकास, फोहरमैला व्यवस्थापन आदि क्षेत्रमा नगरपालिकाको प्राथमिकतापूर्ण क्षेत्रमा कार्यक्रम संचालन गर्न चाहेमा प्रस्तावनाको आधारमा लागत साझेदारीमा तोकिए बमोजिमको रकम परिचालन गर्न सकिने ।

घ. विपन्न महिला, बेरोजगार, श्रमिक वा भुमिहिन कृषक संलग्न हुने श्रमिक सहकारी, सहकारी खेती तथा व्यवसायिक पशुपालनको क्षेत्रमा प्रस्तावनाका आधारमा लगानी गर्न सकिने ।

ङ. कृषि उपजको मुल्यश्रृंखला सृजना गर्ने क्षेत्रमा आयात प्रतिस्थापन हुने क्षेत्रमा कोष उपयोग गर्न सकिने ।

च. सहकारिता विकास, व्यवसायिक तालिम तथा सहकारीको शिक्षा तालिम लगायतका क्षेत्रमा लागत साझेदारीमा कार्यक्रम संचालनको लागि प्रस्ताव माग गरी निश्चित रकम उपलब्ध गराउन सकिनेछ ।

२. कोष परिचालनको प्राथमीकरणको ढाँचा, मापदण्ड लगायत अंकभार र प्राथमिकता वर्गीकरण जस्ता विषयहरु दफा १२ बमोजिमको समितिले तोके बमोजिम हुनेछ ।

१२. **<u>कोष परिचालन समिति-</u>** **१.** नगरपालिकाको सहकारी प्रवर्द्धन कोष परिचालनको लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

समितिमा देहायका पदाधिकारीहरु रहनेछन्-

| | |
|---|---|
| क. नगर प्रमुख | - संयोजक |
| ख. उपप्रमुख | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ङ. सहकारी सञ्जालको अध्यक्ष | - सदस्य |
| च. कार्यपालिका सदस्य मध्येबाट नगरप्रमुखले तोकेको १ जना | - सदस्य |
| छ. कार्यालयको सहकारी क्षेत्र हेर्ने शाखा प्रमुख | - सदस्य सचिव |

२. समितिले आवश्यक्ता अनुसार विषयविज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१३. **संचालन खर्च सम्बन्धी व्यवस्था-**

१. कोषको उपयोग अवस्थाको अनुगमन, वार्षिक प्रतिवेदन प्रकाशन, समितिको बैठक सञ्चालन लगायतका खर्चका लागि कोषको कुल रकमको १० प्रतिशतमा नबढ्नेगरी कोष परिचालन समितिले तोके बमोजिम रकम छुट्याउन सक्नेछ ।

२. यसरी व्यवस्था हुने रकम मितव्ययी रुपमा गर्नु पर्नेछ ।

१४. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यालयमा रहनेछ । कार्यालयबाट समेत सुल्झिन नसकेमा कार्यपालिकाको बैठकको निर्णय अन्तिम हुनेछ ।

१५. **अमान्य हुनेः** यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाहरु प्रचलित ऐन, नियम सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञालेः**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत